नेपाल कम्युनिष्ट पार्टी
(एकीकृत मार्क्सवादी-लेनिनवादी)
केन्द्रीय कार्यालय
धुम्बाराही, काठमाडौं
पत्र संख्या ..........................

३० भाद्र २०७४

# अन्तरपार्टी निर्देशन ७

नेकपा (एमाले) स्थायी कमिटीको ७९औं बैठक अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा यही २०७४ भदौं २६ गते केन्द्रीय कार्यालय धुम्बाराही, काठमाडौँमा सम्पन्न भयो। बैठकले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्रहरूको संगठनात्मक संरचनाका सम्बन्धमा महत्वपूर्ण निर्णय गरेको छ। बैठकका निर्णयहरू जानकारी एवं कार्यान्वयनका लागि यो अन्तरपार्टी निर्देशन जारी गरिएको छ।

**१. निर्वाचन क्षेत्रको संगठनात्मक कामका सम्बन्धमा नीतिगत निर्णय** :

- जिल्ला, नगर र गाउँ कमिटीहरू कार्यकारी कमिटी हुन्। एउटा व्यक्ति मूलतः एउटा कार्यकारी कमिटीको पदाधिकारी वा सदस्य रहनु पर्दछ। प्रतिनिधिसभा र प्रदेशसभाका निर्वाचन क्षेत्रीय कमिटीहरू समन्वयकारी कमिटी हुन्। समन्वयकारी कमिटी मूलतः कार्यकारी कमिटीका प्रतिनिधिहरू पदेन सदस्यहरू रहने गरी गठन गरिन्छ। समन्वयकारी कमिटीमा कम्तिमा ५ सदस्यीय रहनेछन् । सदस्य संख्या ५ नपुगेमा जिल्ला कमिटीले मनोनयन गरी ५ पुऱ्याउनेछ।
- यसअघि २४० निर्वाचन क्षेत्रलाई आधार मानेर दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाहरूमा निर्माण गरिएका **निर्वाचन क्षेत्रीय कमिटीहरू** विघटन गरिएको छ।
- प्रतिनिधिसभाको एउटा मात्र निर्वाचन क्षेत्र भएका ३५ जिल्लामा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटी बनाउने आधार र आवश्यकता नै रहँदैन। प्रतिनिधिसभाका दुई वा दुई भन्दा बढी निर्वाचन क्षेत्र भएका ४२ जिल्लाका १३० निर्वाचन क्षेत्रहरूमा **प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटी** निर्माण गर्नु पर्दछ।
- ७७ जिल्लाका ३३० प्रदेशसभाका निर्वाचन क्षेत्रहरूमा **प्रदेशसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटी** निर्माण गर्नु पर्दछ।

**२. प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीको गठन** :

प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीमा देहाय वमोजिमका पदाधिकारी र सदस्यहरू रहनेछन् :

- विघटित निर्वाचन क्षेत्रीय कमिटीका सदस्यहरू हाल आफू रहेको निर्वाचन क्षेत्रमा **प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटी**को सदस्य रहनेछन् ।
- जिल्ला कमिटीले तोकेको जिल्ला कमिटीको सदस्य **प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटी**को संयोजक हुनेछन् ।

३. **प्रदेशसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीको गठन :**

प्रदेशसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीमा देहायबमोजिमका पदाधिकारी र सदस्यहरू रहनेछन् :

- प्रदेशसभाको निर्वाचन क्षेत्रअन्तर्गत रहेका गाउँ कमिटी र नगर कमिटीका सचिवालय सदस्यहरु रहनेछन् ।
- जिल्ला कमिटीले तोकेको जिल्ला कमिटीको सदस्य **प्रदेशसभा समन्वय कमिटी**को संयोजक हुनेछन् ।

कमरेडहरू, मुलुक संक्रमणकाल व्यवस्थापनको अन्तिम क्षणमा आइपुगेको छ । आगामी मंसीर महिनामा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएर संघीय तथा प्रादेशिक सरकारहरू बन्नासाथ संक्रमणकाल आधारभूत रुपमा सकिने छ र मुलुक राजनीतिक स्थायित्व, विकास र समृद्धितर्फ अग्रसर हुनेछ । समकालीन नेपाली राजनीतिमा सही विचार, सदृढ संगठन र फराकिलो जनाधार भएको पार्टी नेकपा (एमाले) मात्र हो भन्ने छर्लङ्ग छ । त्यसैगरी राजनीतिक स्थायित्व, विकास, समृद्धि र सामाजिक न्यायका लागि पनि यही पार्टीको नेतृत्व अपरिहार्य छ भन्ने पनि स्पष्ट छ ।

त्यसैले आगामी मंसीर महिनामा सम्पन्न हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा बहुमतका साथ पार्टीको विजय सुनिश्चित गर्न, नेकपा (एमाले)को नेतृत्वमा संघीय सरकार र सातवटै प्रादेशिक सरकारहरू गठन गर्ने विश्सनीय आधार तयार गर्न आजैदेखि केन्द्रीत भएर लाग्न जरुरी छ । प्रतिनिधिसभा तथा प्रदेशसभाका निर्वाचन क्षेत्रहरूमा यस निर्देशन बमोजिमका समन्वय कमिटीका बैठकहरू एक हप्ताभित्र आयोजना गरिसक्न र नियमित पार्टी कामका साथै आगामी निर्वाचनको तयारीमा केन्द्रीत भएर लाग्न निर्देशित गरिन्छ ।

**केपी शर्मा ओली**
**अध्यक्ष**